☎ ०४६-५४०३१०
०४६-५४०२५७

बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
प्रदेश नं. २, नेपाल

**विषय :-नम्बरी आवादिको प्राकृतिक स्रोत उत्खन्न गरी बिकी गर्ने सम्बन्धको सार्वजनीक सूचना ।**

**प्रथम पटक (मिति :-२०७५/५/२७)**

यस नगर क्षेत्रभित्रका सार्वजनिक तथा नीजि जग्गाहरुबाट उत्खन्नगरिने प्राकृतिकश्रोतहरु (जस्तै खानी, बालुवा, गिटी आदि) व्यवस्थापनगर्ने जिम्मेबारी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीयतहहरुलाई दिएको छ । यस सन्दर्भमा यस नगर क्षेत्र भित्रकानीजि जग्गाहरुबाट बालुवा, ग्रेभेल आदि उत्खन्नन गरी विक्रीवितरण गर्ने प्रयोजनको लागि सम्बन्धितपक्षले अनिवार्य रुपमा सम्वन्धित स्थानीयतहको लिखितअनुमतीलिनु पर्ने व्यवस्था रहेकोले इच्छुक जग्गाधनी, व्यक्ति वा संस्थाले यो सुचनाप्रकाशितभएको मितिले १५(पन्द्र) दिनभित्र देहायकाशर्तहरुको अधिनमा रही आवश्यक कागजात प्रमाण सहित नगर कार्यपालिकाको र्यालयबाट अनुमतीलिनहुन यो सूचना जारी गरिएको छ ।

<u>तपसिल :-</u>

१) आफनो जग्गाबाट सम्भावित के कति परिमाणमा श्रोत उत्खन्न कुन विधिबाट, कुन मेसिनप्रयोग गरी गर्ने हो सो व्योहोरा खुलाइएको नगर प्रमुखलाई सम्वोधन गरी पेश गरिएको निवेदनपत्र ।

२) उत्खन्नगरिने क्षेत्र/जग्गा गाउँबस्तीबाट कति दुरीमा छ, विद्युतीयपोल, नजिकैको नदी, पुलबाट कति दुरीमा छ, स्पष्ट रुपमाखुलाउनु पर्नेछ ।

३) निवेदनका साथजग्गाको स्वामित्वको प्रमाणपत्र (लालपूर्जा), जग्गाको नक्सा, ट्रेस नक्सा पेश गर्नु पर्नेछ ।

४) यसरी उत्खन्नगर्दा वरिपरीकोवातावरण विनास तथा वातवारणमा कुनै प्रतिकुल हुने काम गरिने छैन भनीजग्गाधनीले प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ ।

५) नगरकार्यपालिकाको कार्यालयमा पर्न आएकानिवेदनहरु रुजु गरी प्राविधिक समितिले स्थलगत रुपमा अनुगमन गरी सिफारिश भएपश्चा तशर्तहरु तोकी आवश्यक परिमाण उत्खन्न र विक्रीवितरणका लागि लिखितअनुमती दिइनेछ ।

६) यसरी अनुमतीप्रदानगर्दा प्रति क्यू.फिट परिमाणमा लाग्ने रोयल्टी/दस्तुर अग्रिम रुपमा नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्नेछ । कार्य सम्पादन धरौटी वापतकुल रोयल्टी रकमको ५% वराबरको रकम यस कार्यालयको धरौटी खाता नं.१४००३००००००००३००००२ मा दाखिला गरेको बैक भौचार पेश गर्नुपर्नेछ ।

७) यसरी यस नगरपालिका क्षेत्रभित्रमा कहीकतै कसैले आधार र अनुमतीविना उत्खन्नगरिएको पाइएमा कानुन विपरितको कार्य ठहर गरी आवश्यक कारवाही गरिनेछ ।

८) विस्तृत जानकारीको लागि कार्यालय समयमानगरपालिकाको राजस्ववाप्रशासन शाखामा बुझ्न सकिनेछ ।

२०७५/५/२८

.....................
सुरेश राउत
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

प्रमुख प्रशासकीय अधिकृत